# वार्षिक प्रगति प्रतिवेदन

## रुकुमेली क्याम्पस

### मुसीकोट नगरपालिका वडा नं. १, खलंगा

### रूकुम पश्चिम

कर्णाली प्रदेश

स्थापना मिति :-२०७०/०७/१२

संकाय :-व्यवस्थापन(वि.वि.एस ४ वर्षे)

आ.व. २०८०/०८१

प्रतिवेदन प्रकाशन मिति :- २०८०/०७/२२

वार्षिक प्रतिवेदन निर्माण समिति

१. कुवेर के.सी ........................संयोजक
२. जयराम थापा ...........................सदस्य
३. संगम के.सी ...........................सदस्य
४. दौलत वि.एम ...........................सदस्य
५. अनिशेष के.सी. ...........................सदस्य
६. मीन बहादुर पुन ....................सदस्य सचिव

प्रतिवेदन हस्ताक्षर मिति :- २०८०/०८/०१गते

**विषय सूची**

**क.स. विषयबस्तु**

**१.पृष्ठभूमी**

२. शैक्षिक प्रगति

२.१ अन्तिम तीन बर्षको विद्यार्थी भर्ना विवरणको विश्लेषण

२.२ अन्तिम तीन बर्षको बिद्यार्थी उत्तीर्ण दर विवरणको विश्लेषण

२.३ अन्तिम तीन बर्षको ग्राजुयट विवरणको विश्लेषण

२.४ कार्यक्रमहरु

२.५ शैक्षणिक बिधि

३. **भौतिक प्रगति**

३.१ भौतिक पूर्वाधारहरु

३.२ शैक्षणिक सामग्रीहरु

३.३ विश्वविद्यालय अनुदान आयोग,सानोठिमी भक्तपुरको सहयोग

४. **आर्थिक प्रगति**

४.१ अन्तिम तीन वर्षको आर्थिक स्रोत र आय व्ययको विश्लेषण

४.२ अन्तिम तीन वर्षको खर्च विवरणको विश्लेषण

४.३ पुँजीगत खर्च विवरण

४.४ आर्थिक प्रतिबेदनको पुनरावलोकन /गत आ.व. को लेखा परीक्षणवाट प्राप्त सुझाबहरु समाधान गर्न चालिएका कदमहरु

**५. सामाजिक प्रगति**

५.१ सामाजिक कार्यमा क्याम्पसको सहभागिता

५.२ क्याम्पसको लागी समाजको योगदान

५.३ सामाजिक योगदानमा क्याम्पसको योजना

५.४ समाजको सहभागिता बढाउन क्याम्पसको योजना

## ६. समस्या र चुनौतीहरु

६.१ अल्पकालीन

६.२ दिर्धकालील

६.३ चुनौति र समाधानका उपायहरु

६.४ समस्या र चुनौतीहरुलाई सम्वोधन गर्न चालिने योजना

१ पृष्ठभूमी

# श्री रुकुमेली क्याम्पसको परिचय

रुकुम पश्चिम जिल्ला सदरमुकाम स्थित मुसीकोटमा रहेको यस रुकुममेली क्याम्पस ग्रामिण भेगमा रहेको जनस्तरबाट संचालितसामुदायिक क्याम्पस हो । यस क्याम्पस रहेको ठाउँ राजधानी काठमाडौंबाट करिव ६४५ कि.मी पश्चिममा पर्दछ । यो क्याम्पसरुकुम पश्चिम जिल्लाको पूर्वी भागमा (सदरमुकाम) पर्दछ। यो जिल्ला बाहेक रुकुम पूर्वको दुर्गम वस्ती, रोल्पा, सल्यान रजाजरकोट जिल्लाबाट समेत यस क्याम्पसमा अध्ययनका लागि विधार्थीहरु आउने गरेका छन्। वि.स. २०७० सालमा स्थापितयस क्याम्पसले त्रिभुवन विश्वविद्यलयवाट व्यवस्थाप (:बलबनभ्रूभलत) संकायको सम्बन्धन लिई २०७० देखि B.B.S.पठनपाठन सुरु गरे पश्चात यस क्षेत्रका आसपासका विद्यार्थीहरुले थोरै भए पनि राहत महसुस गरेका छन् । हाल सम्म यसक्याम्पसबाट ११२ जनाले व्यवस्थापन संकायवाट स्नातक तह पुरा गरिसकेका छन् ।

## २. शैक्षिक प्रगति

क्याम्पस स्थापनाको १० वर्षमा यस क्याम्पसले शिक्षा क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको छ । क्याम्पसले आफ्नो स्थापना काल देखि हाल सम्म निरन्तर रुपले उच्च शिक्षामा शैक्षिक उन्नतीका कार्यक्रमहरु सञ्चालन गरी उपलब्धिमूलक नतिजा हासिल गरेको छ। स्नातक तहमा दक्ष जनशक्ति उत्पादन गरि लोकसेवा आयोग, शिक्षक सेवा आयोग तथा अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुमा यस क्याम्पसले उत्पादित गरेका जनशक्तिहरु कार्यरत रहेका छन् ।

## २.१ अन्तिम तीन वर्षको विद्यार्थी भर्ना विवरणको विश्लेषण

यस क्याम्पसमा वि.स. २०७८, २०७९ र २०८० सालमा भर्ना भएर पठनपाठमा सहभागि विद्यार्थीहरुको सङ्ख्यालाई तलको तालिकामा निम्नानुसार राखिएको छ

**तालिका न. १. अन्तिम तीन वर्षको विद्यार्थी भर्ना विवरण:**

| कार्यक्रम | बर्ष | २०८० | | | २०७९ | | | २०७८ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Female | Educationally Disadvantaged | Total | Female | Educationally Disadvantaged | Total | Female | Educationally Disadvantaged | Total |
| ४ वर्षे वि.वि.एस | पहिलो २०७९ | २० | ६ | २६ | ४७ | २७ | ७४ | ३७ | २५ | ६२ |
| | दोस्रो २०७९ | ४४ | १० | ५४ | ३३ | २६ | ५९ | २६ | ८ | ३४ |
| | दोस्रो २०८० | ४८ | १४ | ६२ | | | | | | |
| | तेस्रो | २६ | १६ | ४२ | २२ | ११ | ३३ | २० | ४ | २४ |
| | चौंथो | २३ | २१ | ४४ | १९ | ४ | २३ | २२ | १२ | ३४ |
| | जम्मा | १६१ | ६७ | २२८ | १२१ | ६८ | १८९ | १०५ | ४९ | १५४ |

२.अन्तिम तीन बर्षको बिद्यार्थी उत्तीर्ण दर विवरणको बिश्लेषण:

तालिका नं. २ अन्तिम तीन वर्षको नियमित समूह तर्फका विद्यार्थीहरुको उत्तीर्ण दर विवरण:

<table>
<tr><th rowspan="2">कार्यक्रम</th><th rowspan="2">बर्ष</th><th colspan="3">२०७९</th><th colspan="3">२०७८</th><th colspan="3">२०७७</th></tr>
<tr><th>Female</th><th>Educationally Disadvantaged</th><th>Total</th><th>Female</th><th>Educationally Disadvantaged</th><th>Total</th><th>Female</th><th>Educationally Disadvantaged</th><th>Total</th></tr>
<tr><td rowspan="4">४ बर्षे वि.वि. एस.</td><td>पहिलो</td><td>२</td><td>४</td><td>६</td><td>१४</td><td>७</td><td>२१</td><td></td><td></td><td></td></tr>
<tr><td>दोस्रो</td><td>१०</td><td>६</td><td>१६</td><td>१४</td><td>४</td><td>१८</td><td></td><td></td><td></td></tr>
<tr><td>तेस्रो</td><td>५</td><td>४</td><td>९</td><td>२५</td><td>४</td><td>२९</td><td>२५</td><td>४</td><td>२९</td></tr>
<tr><td>चौथो</td><td>९</td><td>१</td><td>१०</td><td></td><td></td><td></td><td>१७</td><td>५</td><td>२२</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२६</td><td>१५</td><td>४१</td><td>५३</td><td>१५</td><td>६८</td><td>४२</td><td>९</td><td>५१</td></tr>
</table>

## २.३ अन्तिम तीन वर्षको ग्राजुयट विवरणको विश्लेषण:

यस क्याम्पसमा अध्यन गरी विगत तीन वर्षमा विभिन्न तहहरु उर्त्तीर्ण गरेका विद्यार्थीहरुको विवरण तलको तालिकामा निम्नासुर राखिएको छ ।

तालिका नं. ३ अन्तिमम तीन वर्षको ग्राजुयट विद्यार्थीहरुको विवरण:

<table>
<tr><th rowspan="2">कार्यक्रम</th><th rowspan="2">बर्ष</th><th colspan="3">२०७९</th><th colspan="3">२०७८</th><th colspan="3">२०७७</th></tr>
<tr><th>Female</th><th>Educationally Disadvantaged</th><th>Total</th><th>Female</th><th>Educationally Disadvantaged</th><th>Total</th><th>Female</th><th>Educationally Disadvantaged</th><th>Total</th></tr>
<tr><td>४ बर्षे वि.वि.एस</td><td>1st,2nd, 3rd&4th</td><td>२८</td><td>१०</td><td>३८</td><td>५३</td><td>१५</td><td>६८</td><td>४२</td><td>९</td><td>५१</td></tr>
</table>

## २.४ कार्यक्रमहरु

वि.स. २०७०सालमा त्रिभुवन विश्वविद्यालयवाट सम्वन्धन लिई व्यवस्थापनसंकाय तर्फ स्नातक तहको

पठनपाठन संचालनमा रहेको छ ।

## २.५ शैक्षणिक विधि

शिक्षण एक जटिल र चुनौतिपूर्ण कार्य हो। शिक्षण सिकाईमा प्रयोग गरिने विधि प्रविधिले शिक्षण सिकाइको प्रभावकारीता निर्धारण हुन्छ। यस क्याम्पसले विगतदेखि हालसम्मको कालखण्ड पार गर्दा विविध खालका विविध शिक्षण विधि, शैली, पद्वति अपनाई शैक्षणिक क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको छ । शिक्षण सिकाइमा प्रयोग हुने विविध विधिहरु सोधपुछ विधि, सानो परियोजना विधि, शैक्षकि भ्रमण विधि, समस्या समाधान विधि, अन्वेषन विधि, लेक्चर मेथड, प्रर्दशन विधि, छलफल आदि मध्ये यस क्याम्पसले लेक्चर मेथड र छलफल विधिलाई नै वढि मात्रामा प्रयोग गर्ने गरेको छ। शिक्षण सिकाई को विषयगत शिक्षणमा सैद्धान्तिक शिक्षणको विरुद्धमा प्राक्टिकल कार्यमा केहि प्रोजेक्ट वर्कको रुपमा अनुसन्धान कार्य सञ्चालमा आएको पाइन्छ ।

शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउन सभा, गोष्ठि, स्ट्रमिङ, टिम टिचिङ्ग, सिप्पोजियम, प्रोजेक्ट वर्क जस्ता शिक्षण सिकाइका विधि तथा शैलीहरु भविष्यमा यस क्याम्पसले आफ्नो शिक्षण सिकाइमा प्रयोगमा ल्याउन अपरिहार्य देखिन्छ । यस्तै अनुसन्धानमूलक कार्य, सोध कार्य तथा परियोजना विधिवाट अध्ययन, समस्या समाधान, लाईब्रेरी, प्रयोशाला विधिहरुको प्रयोगमा विशेष जोड दिन जरुरी छ, जुन हालसम्म प्रभावकारी रुपमा प्रयोगमा आउन सकेको छैन् । क्याम्पसले त्रि.वि. कार्यक्रमसंग मेल खाने वार्षिक कार्यपात्रोको निर्माण र प्रयोग, वार्षिक मासिक र दैनिक शैक्षिक योजना निर्माण गरि शिक्षण सिकाइलाई व्यवस्थित वनाउन अपरिहार्य छ । शिक्षण सिकाइमा आधुनिक शैक्षणिक सामग्रीहरु, प्रोजेक्टर, फिल्म स्ट्रीप, स्लाइड आदिको प्रयोग अति जरुरी देखिन्छ । त्यस्तै अभिमुखिकरण कार्यक्रम, माईक्रो टिचिङ्ग, योजनावद्ध शिक्षण, शिक्षण नमुनाको प्रयोग, शिक्षण तालिमलाई पनि शिक्षण सिकाई विधिको रुपमा लागु गर्न सके शिक्षण सिकाई अझ प्रभावकारी हुने देखिन्छ । समग्रमा भन्दा यस क्याम्पसले हालसम्म प्रयोगमा ल्याएका विधि, प्रविधिहरु, अपर्याप्त छन्। शिक्षण सिकाइलाई थप प्रभावकारी वनाउन आधुनिक विधिहरुको प्रयोगमा जोड दिई शैक्षणिक गुणस्तर कायम गर्नुपर्ने र दक्ष, योग्य जनशक्ति उत्पादनमा जोड दिनुपर्ने देखिन्छ । यसका लागि त्रि.वि.वि केन्द्रीय पुस्तकालय कीर्तिपुरको समन्वयमा क्याम्पसमा ई-रिसोर्सेस पुस्तकालय कार्यक्रम संचालन भई रहेको छ ।

## ३. भौतिक प्रगति

शैक्षणिक कार्यक्रम र क्रियाकलापहरुमा सरलता र सुगमता ल्याउन भौतिक स्रोत शाधन र सामग्रीको उलेख्य भुमिका रहेको हुन्छ । शैक्षिक क्रियाकलापलाई नियमित, व्यवस्तित र सुचारु गराउन आवश्यक पर्ने भौतिक व्यवस्थापनको प्रयोगलाई उचित र उपयुक्तरुपमा त्यसको प्रयोग, परिचालन, सदुपयोग र संरक्षणलाई पनि ख्याल गर्नुपर्ने हुन्छ । शैक्षिक व्यवस्थापनको मुख्य कसी नै भौतिक पक्ष भएकोले शैक्षिक कार्यक्रम र क्रियाकलापको लागी आवश्यक पर्ने भवन, कक्षा कोठा, खेलमैदान, शौचालय, विद्यालय, क्यान्टिन, स्वच्छ पिउने पानीको व्यवस्था, पुस्तकालय, प्रयोगशाला, बगैंचा, स्वस्थकर वातावरण आदिको प्रर्याप्त रुपमा व्यवस्थापन मिलाउनुपर्ने हुन्छ । शैक्षिक विकासको मूख्य आधारशिला नै भौतिक विकास भएकोले शैक्षिक संस्थाको भौतिक विकासविना शैक्षिक गतिविधिहरुमा सुगमता ल्याउन सकिदैन । अतः संस्थाको शैक्षिक विकासको लागी भौतिक साधन स्रोत र सामग्रीको जीवन्त रुपमा अभाव र खांचो खड्किरहन सक्छ ।

### ३.१ भौतिक पूर्वाधारहरुः

शैक्षिक तथा संस्थागत विकासका लागि भौतिक रुपमा स्रोत साधन र सामग्रीहरु खरिद गर्ने, निर्माण गर्ने, मर्मत सम्भार गर्ने, संरक्षण र विकास गर्नको लागि यस रुकुमेली क्याम्पस रूकुम पश्चिमले विगत देखि नै समय सापेक्ष रुपमा त्यसको विकास विस्तारका लागि विभिन्न संघसंस्था तथा स्थानीय सरकारहरुमा पहल गरी क्याम्पसको आफ्नै भवन निर्माणका लागि ७५० वर्गमिटर जग्गा खरिदगरी १२ कोठे भवन निर्माण कार्य सम्पन्न भईसकेको छ । हाल क्याम्पस मुसिकोट खलंगा वजार अवस्थित आफ्नै १२ कोठे भवनमा क्याम्पस संचालनमा रहेको छ ।

१) कक्षा कोठा : ५

२) प्रशासनिक कक्ष : १

३) सभाहल : १

४) पुस्तकालय : १

५) वाचनालय : १

६) क्याम्पस प्रशासन कक्ष : १

७) स्टोर रुम : १

८) स्व वि यू कक्ष : १

९) शौचालय : ४ कोठे

### ३.२ शैक्षणिक सामग्रीहरु.

शैक्षिक विकास व्यवस्थापनका लागी महत्वपूर्ण पक्ष शैक्षिक सामग्री हो। यस संस्थाभित्र हालसम्म भएका शैक्षिक सामग्रीहरु निम्नानुसार रहेका छन् ।

१. ल्यापटप : २

२. ब्रदर इन्कजेट प्रिन्टर : १

३. इमेल इन्टरनेटको व्यवस्था

४. मल्टिमेडिया प्रोजेक्टर : १

५. डेस्कटप कम्प्युटर : ५

६. लेजर प्रिन्टर : १

७. ह्वाईट वोर्ड : ८

८. दराज : २

९. सूचना पाटी : २

१०. स्टिल दराज : ३

११. पुस्तकहरु : १५०० थान

१२. ई-रिमोर्सन सेवा : १

१३. पलाष्टिक कुर्सी : ३० वटा

१४. कुर्सीः ४ वटा

१५. डेस्क - वेन्च : २५० जोडा

### ३.३ विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुरको सहयोग

यस क्याम्पसको सर्वाङ्गिण विकासका लागि विश्वविद्यालय अनुदान आयोग सानोठिमी, भक्तपुरवाट २०७५ साल देखि हाल सम्म नियमित अनुदान मापदण्ड अनुसार प्राप्त भईराखेको छ र कमशः नियमित अनुदान रकम वृद्धि भईरहेको छ । आ.व २०७६ /०७७ मा फर्निचर व्यवस्थापनको लागि रु ५०००००/- (पाच लाख प्राप्त भएको र आ.व २०७७/०७८ मा यस क्यामपसको भवन निर्माणको लागि विनियोजित रकम रु ५०००००० /- ( पचास लाख) वाट भवन निर्माण कार्य सम्पन्न भईसकेको र आ.व २०७८/०७९ मा यस क्याम्पसको भवन निर्माणका लागि विनियोजित रकम रु ५०००००० /- (पचास लाख) बाट भवनको पहिलो तला निर्माण कार्य सम्पन्न भईसकेको छ । यसैगरी आ.व २०७९/०८० मा उपकरण खरिद गर्नका लागि रु २५००००/- ( दुई लाख पचास हजार) विनियोजन भएकोमा ३ वटा डेस्कटप कम्पूटर र १ वटा ल्यापटप कम्पूटर खरिद गरी सकिएको छ । यसका लागि क्याम्पस परिवार विश्वविद्यालय अनुदान आयोग सानोठिमी भक्तपुरमा हार्दिक आभार व्यक्त गर्दै आ.व २०८० / ०८१ को बजेट वाट नियमित अनुदान रकम मापदण्ड अनुसार विनियोजन गरिदिनुहुन आवश्यक कागजात सहित क्याम्पस परिवार सहयोगका लागि हार्दिक अनुरोध गर्दछ ।

### ४. आर्थिक प्रगतिः

यस क्याम्पसको आर्थिक पक्षलाई चर्चा गर्नुपदां स्थापनाकाल देखि नै यस क्याम्पसमा विद्यार्थीवाट उठ्ने
शुल्क नै आयको मूल श्श्रोतको रुपमा रहेको पाइन्छ। विगत तीन वर्षको आय व्ययको विवरणवाट पनि त्यहि

### ४.१ अन्तिमतिन वर्षको आर्थिक स्रोत र आयको विश्लेषण

गत तीन वर्षको तथ्याङ्क अनुसार यस क्याम्पसका मुख्य आयस्रोतका क्षेत्रहरु विद्यार्थी शुल्क, विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त अनुदान र अन्य स्रोतवाट प्राप्त आय हरु लाईनिम्न अनुसार प्रस्तुत गरियको छ ।

तालिका नं. ४ गत तीन वर्षको आम्दानी विवरण

| सि.न. | आयस्रोतका क्षेत्र | आ.व. ०७९/०८० | आ.व. ०७८/०७९ | आ.व. ०७७/०७८ |
|---|---|---|---|---|
| १. | क्याम्पस विकास शुल्क | ६९९३०० | ९३२८५०.०० | ३०९०७५ |
| २ | शिक्षण शुल्क | १०८३५०० | १२७८०५५.०० | ५९७७०० |
| ३. | भर्ना शुल्क | | - | ८९० |
| ४. | परीक्षा शुल्क | ५६०३०० | ५३०७३०.०० | ४२२४०० |
| ५. | त्रि.वि रजिष्ट्रेशन शुल्क | ४३००० | १००००० | ५८००० |
| ६. | विश्व विद्यालय अनुदान आयोग भवन निर्माण अनुदान | | ५०००००० | ३२५०००० |
| ७. | बैङ्क ब्याज | ५२०८४ | १४६३९७.१६ | २७३२०.५६ |
| ८. | परिचयपत्र शुल्क | २९३०० | २०३००.०० | १०००० |
| ९. | प्रमाण-पत्र शुल्क | १४७५०० | १०५०००.०० | २५००० |
| १०. | अन्य आम्दानी | ४६८१०८ | १९९५०६.०० | २०९७४२.०० |
| ११. | प्रतिवेदन लेखन शुल्क | | ११०५००.०० | - |
| १२. | टेण्डर विक्री शुल्क | ३०००० | | |
| १३ | परीक्षाकेन्द्र शुल्क | | - | - |
| १४ | महायज्ञ | | - | ६००००० |
| १५ | अ.ल्य | २३५१९६५ | ४४६७५९८.५६ | - |
| १६ | रजिष्ट्रेशन | | ३७००० | - |
| १७ | भर्ना फाराम | ११५० | १९४०.०० | - |
| १८ | वि.वि अ.आयोग नियमित अनुदान | १६१६००० | १२५३०००.०० | ७५०००० |
| | जम्मा | ७०८२२०७ | १४१८२८७६.७२ | ६२६०१२७.५६ |

प्रत्यक आ.व.मा क्रमिक रुपमा आम्दानी बढिरहेको देखिन्छ । पुँजिगत अनुदानमा वृद्धि भएको छ भने क्याम्पसको आन्तरिक आम्दानिमा पनि निरन्तर वृद्धि भएको देखिन्छ ।

## ४.२ अन्तिम ३वर्षको खर्चको विश्लेषण

गत तीन आर्थिक वर्षमा यस क्याम्पसमा भएको खर्चको विवरणहरु निम्न अनुसार प्रस्तुत गरिएको छ ।

तालिकानं. ५ अन्तिम तीन वर्षको खर्च विश्लेषण

| सि.नं. | खर्च विवरण | आ.व. ०७९/०८० | आ.व. ०७८/०७९ | आ.व.०७७/०७८ |
|---|---|---|---|---|
| १. | तलब भत्ता | १६६१०३० | २२०३७०.०० | ७६१४०५ |
| २. | कार्यलय सम्बन्धि खर्च | | - | ३००८५ |
| ३. | मर्मत सम्भार | २०७४५ | - | १०७०० |
| ४. | अतिरिक्त क्रियाकलाप | | | - |
| ५. | मसलन्द/पत्रपत्रिका र किताबहरु | ९७५२० | १७३७७.०० | ३१३२५ |
| ६. | परीक्षा खर्च | | २२९०६०.०० | १४४२५० |
| ७. | फिल्ड सम्याउने | | ७६५२७०.०० | २०६५६०.०० |
| ८. | छात्र बृत्ति | | १६८३५ | - |
| ९. | कार्यालय सामाग्री | | २९२६८.०० | १५३७३ |
| १०. | लेखापरीक्षण | ४५००० | ४५०००.०० | २५००० |
| ११. | टेलिफोन तथा ईन्टरनेट | | ९६५२१.७५ | २२४२० |
| १२. | क्याम्पस नविकरण शुल्क | | ७५०००.०० | ४४००० |
| १३. | विविध खर्च | २२१९० | ५९१९५.०० | १३०८५ |
| १४. | जग्गा दर्ता | | - | ५८५०० |
| १५. | स्वागत तथा विदाई | | | - |
| १६. | घर वहाल | २३३३१४ | २७१२६०.०० | २५७४०० |
| १७. | भ्रमण खर्च | १६५०६० | १४५५१५.०० | ९२७१५ |
| १८. | विज्ञापन | ४९७६४ | २२४००.०० | ५१००० |
| १९. | त्रि.वि सेवा शुल्क | ३९००० | ४३७५०.०० | ५५५०० |
| २०. | प्रतिवेदन लेखन शूल्क | | - | १२६५० |
| २१. | चिया तथा रिर्फेसमेन्ट | | ७४५६५.०० | १६७१७५ |
| २२. | दान तथा सहयोग | | २०००.०० | - |
| २३ | ई-लाईबेरी | १०८०७५ | १२०००.०० | - |
| २४ | ब्याज कर | | ६९४१.५४ | - |
| २५ | सदस्यता दर्ता तथा नबिकरण | ३९००० | २००० | |
| २६ | बिजुली तथा पानी | २९८३८ | | |
| २७ | भवण निर्माण | | ५००००००.०० | ३००००००.०० |
| २८ | नियमित अनुदान खर्च | | १२५३००० | ७५०००० |
| २९ | अतिथि सत्कार | ३०४५० | | |
| ३० | फर्निचर अनुदान खर्च | | - | - |
| ३१ | त्रि.वि परीक्षा शुल्क | ९१९८० | | |
| ३२ | त्रि.वि बिनियोजन शुल्क | १२४३५० | | |
| | जम्मा | २७५७३१६ | १०३६९३२८.२९ | ९७४९१४३ |

प्रत्येक आर्थिक बर्षमा क्रमिक रुपमा खर्च बढिरहेको देखिन्छ ।

## ४.३ पूँजीगत खर्च विवरण

पूंजीगत खर्चतर्फ विगत तीन वर्षको विवरणलाई छुट्टाछुट्टै रुपमा प्रस्तुत गरिएको छैन । विश्वविद्यालय अनुदान आयोग बाट एक भवन, फर्निचर खरिद र उपकरण खरीद वाहेक अरु कुनै निकायवाट आजसम्म त्यस्तो उल्लेखनीय सहयोग भएको देखिदैन । भौतिक पुनर्निर्माण र संरचनामा स्थापना काल देखि हालसम्मको स्थिति निम्न अनुसार रहेको छ ।

**तालिका न.६:- पुँजिगत खर्चको विवरण**

| सि.नं. | पूँजीगत खर्च विवरण | रु. | |
|---|---|---|---|
| १. | मल्टिमेडिया प्रोजेक्टर | ४८,००/- | |
| २. | पुस्तक खरिद | १,५०,०००/- | |
| ३ | प्रिन्टर | २६,०००/- | |
| ४ | फर्निचर | ८०,०००/- | |
| ५ | ह्वाईट वोर्ड | ५०,५००/- | |
| ६ | फर्निचर (UGC अनुदान ) | ५,००,०००/- | |
| ७ | डेस्कटप कम्प्युटर | ४५,०००/- | |
| ८ | स्टिल दराज | ५१,०००/- | |
| ९ | नेपोथिन कुर्सि | २३,०००/- | |
| १० | पावर व्याकअप सिस्टम | ६५,०००/- | |
| ११ | कार्यालय टेवल | २५,०००/- | |
| १२ | कार्यालय मेच | १५,००० /- | |
| १३ | उपकरण खरिद (UGC अनुदान) | २५,००००/- | |

## ४.४ आर्थिक प्रतिवेदनको पुनरावलोकन गत आर्थिक वर्षको लेखा परीक्षणवाट प्राप्त सुझावहरु समाधान गर्न चालिएका कदमहरु

**लेखा परीक्षणमा औल्याएका सुझावहरुलाई अवलम्वन गरिएको छ ।**

## ५. सामाजिक प्रगति

वि.स. २०७० त्रि.वि.वि वाट सम्बन्धन प्राप्त गरेको यस रुकुमेली क्याम्पस मुसिकोट, रुकुम पश्चिम मुसिकोट नगरपालिकाको एकमात्र त्रिभुवन विश्वविद्यालयवाट सम्वन्धन १० वर्षको कठिन र चुनौतिपूर्ण यात्रामा अनवरत रुपमा प्रयासरत रहेको छ । यस ऐतिहासिक यात्रालाई उत्साहजनक र उपलब्धिमूलक नै मान्नुपर्ने हुन्छ । आर्थिक दृष्टीले आत्मनिर्भर वन्न प्रयत्नरत छ । शैक्षिक विश्वास कायम गर्ने तथा गुरणस्तरीय शिक्षा प्रदान गर्ने प्रयास गरिरहेको छ । तथापी यि प्रयासहरु प्रयाप्त भने नभएको कुरा महशुस भएको छ। यसलाई विकास गर्दै समयसापेक्ष रुपले सिकाई उपलव्धी वृद्धि गर्न नविन प्रविधि जोडदै जानुपर्ने आजको आवश्यकता चुनौति रहेको छ ।

## ५.१ सामाजिक कार्यमा क्याम्पसको सहभागिता

सामाजिक, आर्थिक तथा शैक्षिक रुपले पछाडि रहेको पहाडि जिल्ला रूकुम पश्चिममा अहिलेको आधुनिक समाजको निर्माणमा यस क्याम्पसको सहभागिता महत्वपूर्ण रहेको छ। वि.स. २०७० सालमा यस क्याम्पसको स्थापना पश्चात उच्च शिक्षामा यस क्याम्पसले पुराएको योगदान अतुलनीय छ । जिल्लाको शैक्षिक स्तरलाई माथि उठाउन, साक्षरता प्रतिशत बढाउन, रोजगारीका क्षेत्रहरु बढाउन पनि यस क्याम्पस कोसेढुंगा सावित भएको पाइन्छ । यस क्याम्पसले हालसम्म करिव ११२ को सङ्ख्यामा उच्च शैक्षिक जनशक्तिहरु उत्पादन गरिसकेको छ भने उत्पादित जनशक्तिवाट राज्यका विभिन्न निकायहरुमा संलग्न भई राज्यलाई नै विशेष योगदान पुराइरहेको पाइन्छ ।

यसरी नै क्याम्पसले विभिभन्न खालका सामाजिक चुनौतिका विषयहरुमा विद्यार्थीहरु मार्फत लघु अध्यन, अनुसन्धानहरु सम्पन्न गरेको छ भने क्याम्पसले क्याम्पस वरिपरिका क्षेत्रहरुमा गरिने सरसफई, वृक्षारोपन जस्ता कार्यहरुमा समेत सहभागिता जनाएको पाइन्छ । साथै विभिन्न खेलकुदका प्रतियोगिताहरुमा पनि आफ्नोसंलग्नता जनाएको छ । यसैगरी राष्ट्रिय युवा तथा खेलकुद परिषद बाट विभिन्न समयमा आयोजित वक्तृत्वकला प्रतियोगितामा यस क्याम्पसका छात्र/छात्राहरुले सहभागिता जनाई प्रथम स्थान समेत प्राप्त गर्नुभएको छ ।

## ५.२ क्याम्पसको लागि समाजले गरेको योगदान

शहरी इलाकामा मात्र अवस्थित रहेका आंगिक क्याम्पसहरुमा आफ्ना छोराछोरीलाई पढाउन नसकिने अवस्थालाई स्वीकार गरी गरिव तथा पिछडिएका समुदायमा समेत उच्च शिक्षाको पहुंच पुराउने उद्देश्यले विद्यार्थीहरुको चाँप रहेको शहरी क्षेत्रमा तथा देशको दुर्गम क्षेत्रमा क्याम्पस स्थापना गर्ने काममा चेतनशिल नागरिकहरु लागेको पाइन्छ । सामुदायिक क्याम्पस स्थापना र सञ्चालनको कार्यमा जनसहभागिता जुटाउन विभिन्न व्यक्ति, संस्था, स्थानीय र सरकारी निकाय समेतको पहलमा यस क्याम्पसलाई बचाउने अभियानमा विश्वविद्यालय अनुदान आयोग सानोठिमी भक्तपुरवाट पनि यस क्याम्पसको सर्वपक्षिय विकासमा महत्वपुर्ण सहयोग प्राप्त भएको छ ।

यस क्याम्पसका अतीतका दिनहरु अति कठिनाइपूर्ण भएको कुरा अग्रजहरुको अनुभव र क्याम्पसको वर्तमान अवस्थाले स्पष्ट चित्रण गर्दछ । धेरै कठिन दिनहरु हिम्मतका साथ सामना गरी आजको अवस्थामा आइपुग्दा अग्रज शिक्षप्रेमीलाई धन्यवाद दिनैपर्ने हुन्छ। हिजो र आजमा अन्तर हुनु स्वभाविक छ । आज सूचना प्रविधि र यातायातको सहज पहुँच विस्तार भइसकेको छ। तर हिजोका कठिनाइहरुलाई हामी कल्पनासम्म पनि गर्न नसक्ने अवस्थामा पुगेको छ । हिजो यातायात र सञ्चार को कठिनाई, पढेलेखेका मानिसहरुको कमी, साधन स्रोतहरुको अभाव, स्थानीय निकायमा राज्यको लगानी नै नरहेको अवस्थामा उच्च शिक्षा अध्ययन गर्ने शैक्षिक संस्थाको स्थापना गरी सञ्चालन गर्नु ज्यादै नै कठिनाइपूर्ण कार्य हुदाहुँदै पनि दुरदर्शी भविष्यद्रष्टा अग्रजहरुको सक्रियतामा क्याम्पस स्थापना हुनु सह्रानीय कार्य हो। यस महान सामाजिक कार्यलाई अझै शिखरमा पुराउन नयाँ पिढिको दायित्व भएको छ ।

### ५.३ सामाजिक योगदानमा क्याम्पसको योजना

क्याम्पसले सामाजिक सहभागिता वढाउन आफ्नो भावि योजनाहरुमा विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने, शैक्षिक तथा स्वास्थ्य सम्वन्धि चेतनामूलक कार्यक्रमहरु गर्ने, सरोकार वाला निकायहरुसंग गोष्टि तथा अन्तरक्रिया गर्दै जाने, स्वच्छ खानेपानी तथा सरसफाई सम्वन्धि कार्यक्रमहरु गर्ने, उच्च शैक्षिक संस्थाहरुको भ्रमण गर्ने रहेको छ साथै स्थानिय सरकार र सरोकारवाला पक्षहरु संग समन्वय र सहकार्य गरी कृषि, उधोग, व्यापार, वातावरण संरक्षण, कर सम्बन्धि तालिम, प्रशिक्षण दिने योजना रहेको छ । साथै नेपाल सरकार युवा तथा खेलकूद मन्त्रालय राष्ट्रिय युवा परिषद्, सानोठिमी भक्तपुरसँग समन्वय गरी युवा उद्दमशील कार्यक्रममा अध्ययनरत छात्रछात्राहरुलाई जोडिएको छ ।

### ५.४ समाजको सहभागिता वढाउन क्याम्पसको योजना

समाजको सहभागिता वढाउन क्याम्पसले वार्षिकोत्सव कार्यक्रलाई निरन्तरता दिने सामुदायिक सचेतीकरण तथा सरसफाई अभियान सञ्चालन गर्ने, विद्याथीहरुलाई अनुसन्धान कार्यमा सक्रिय सहभागिता गराउने, विभिन्न खेलकुद तथा सांस्कृतिक कार्यक्रमहरु सञ्चालन गर्ने कृषि व्यापार, उधोग सम्बन्धि अन्तक्रियात्मक कार्यक्रमहरु गर्ने योजना रहेको छ। यस्तै निकट भविष्यमा नै विभिन्न छात्रवृतिहरुको प्रभावकारी वितरण गर्ने क्याम्पसको योजना रहेको छ ।

### ६. समस्या र चुनौतिहरु

अतीतका अनुभववाट शिक्षा लिदै वर्तमानलाई सुन्दर र सम्पन्न भविष्यको निर्माणमा सक्रियतापूर्वक संलग्न हुनुपर्ने चुनौतिहरु हाम्रा सामु विद्यमान छन् । अग्रजहरुको लगानी र मेहेनतका कारण विगतका ती अप्ठेरा दिनहरुलाई पछाडि धकेल्दै हामी वर्तमान अवस्थामा आइपुगेका छौ। यो विरासतलाई कायम गर्दै अगाडि बढ्नु आजको आवश्यक्ता रहेको छ। वर्तमानका चुनौतिहरुलाई सामना गर्दै अवसरमा वदल्ने सामुहिक अठोटको पनि जरुरी छ । यो अठोट नै भोलिको अवसर हुनेछ । क्याम्पसमा देखिएका अल्पकालिन तथा दिर्घकालिन समस्या र चुनौतिहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ६.१ अल्पकालिन

१. सोचेजति विद्यार्थी भर्ना हुन नसक्नु,

२. सबै छात्रछत्राहरुलाई नियमित कक्षाकोठामा उपस्थिति गराउन नसक्नु,

३. कक्षा छोड्ने र दोहोराउने प्रवृत्ति वढ्नु,

४. विद्यार्थी फेल हुने समस्या रहनु,

५. शिक्षकको पेसागत विकासमा समस्या रहनु,

६. प्रभावकारी शिक्षण सिकाइको व्यवस्थापन हुन नसक्नु,

७. विद्यार्थी शिक्षक आचार संहिताको उलङ्घन हुनु,

८. आवश्यक मात्रामा पूर्णकालिन शिक्षक तथा कर्मचारीहरुको नियुक्ति गर्न नसक्नु,

९. व्यवसायिक तथा प्राविधिक विषयहरु सञ्चालन गर्न नसक्नु,

१०. शिक्षक तथा कर्मचारीहरुलाई पूर्णताजकिय तालिमहरुको व्यवस्थनपन गर्न नसक्नु,

११. पुस्तकालयमा प्रायाप्त पुस्तकहरु नहुनु र पुस्तकालयलाई अत्याधुनिक वनाउन नसक्नु आदि ।

**६.२ दिर्घकालीन**

१. आर्थिक स्रोतको अभाव रहनु,

२. दक्ष जनशक्ति उत्पादन गर्न समस्या रहनु,

३. गुणस्तरको साथसाथै सङ्ख्यात्मक वृद्वि विकासमा समस्या रहनु,

४. सान्र्दभिक पाठ्क्रम र यसले शिक्षामा पार्ने प्रभाव कम गर्न नसक्नु,

५. क्याम्पसको भौतिक स्रोत साधनको व्यवस्थापनको अभाव रहनु,

६.३ समस्या समाधानका लागि चालिने उपायहरु र चुनौतिहरुको प्राप्ति

१. प्रत्येक शैक्षिक सत्रका लागि विद्यार्थी भर्ना सम्बन्धि नीति निर्माण गरी विद्यार्थी भनां वृद्धि गर्नुपर्ने ।

२. प्रत्येक नयाँ शैक्षिक सत्रको शुरुमा नै पठन पाठन सम्वन्धि दैनिक कार्यतालिका बनाई कक्षा सञ्चालन गर्नुपर्ने।

३. क्याम्पसमा राम्रो काम गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कार दिन सञ्चालक समितिमा सिफारिस गरिनु पर्ने ।

४. पुस्तकालयमा आवश्यक सर्न्दभ पुस्तकहरुको पर्याप्त व्यवस्था गरिनु पर्ने ।

५. विद्यार्थीहरुका लागि अतिरिक्त क्रियाकलाप, मूल्याङ्कन र लगत परीक्षाको व्यवस्था गरिनुपर्ने ।

६. वढि भन्दा बढि विद्यार्थीहरुलाई हित हुने गरी छात्रवृति प्रदान गर्ने ।

७. क्याम्पसको पठनपाठनमा सहयोग पुग्ने खालका सेमिनार, गोष्ठी तथा प्रवचनहरु सञ्चालन गरिनुपर्ने ।

छ. क्याम्पसको आर्थिक तथा भौतिक स्रोत विकासका लागि दान दातव्य र चन्दा संकलन गरिनुपर्ने ।

९. आचार संहिता उलंघन गर्ने वा पदीय दायित्व न गर्ने शिक्षक तथा कर्मचारीसंग स्पष्टीकरण लिइनु पर्ने र उपयुक्त जवाफ नआएमा कारवाहि का लागि सञ्चालक समितिसमक्ष पेश गनुपर्ने ।

१०. क्याम्पसले वजेट स्वीकृत गरेर सिमाभित्र रही खर्च गरिनुपर्ने ।

११. शिक्षकहरुलाई थप अध्ययन गर्न र अनुसन्धान कार्यमा लाग्न प्रोत्साहन गरिनुपर्ने ।

१२. विद्यार्थीहरुलाई व्यवहारिक र अनुसन्धानमुखी बनाउन विषयगत शिक्षकहरुलाई आवश्यक तालिम तथा सुविधाको व्यवस्था मिलाइनु पर्ने ।

१३. क्याम्पसमा चिया नास्ताका लागि क्यान्टीनको व्यव्स्थन गर्नुपर्ने,

१४. शिक्षक तथा कर्मचारीलाई अध्ययन विदा तथा आर्थिक सहुलियतको व्यवस्था गर्नुपर्ने ।

१५. नियमित विद्यार्थीहरुको हाजिरी तथा पचहत्तर प्रतिशत हाजिरी पुगेकालाई मात्र परीक्षामा सामेल गराउने नीति गराउनुपर्ने ।

१६. क्याम्पसमा आवश्यक पर्ने शिक्षक तथा कर्मचारीहरुको छनौट शिघ्र गरिनुपर्ने ।

१७. क्याम्पसको प्रभावकारी शिक्षण सिकाइका लागि अनिवार्य रुपमा तालिम लिने व्यवस्था मिलाउने पर्ने ।

१८. क्याम्पसको आर्थिक अवस्था बलियो वनाउन सामुदायिक क्याम्पसलाई दिइने आर्थिक सहुलियत बढाउनुपर्ने

१९. क्याम्पसको शैक्षिक गुणस्तर बढाउन नियमित पठनपाठन तथा शैक्षिक विधि प्रविधिको प्रयोग गरि कार्य सञ्चालनमा गनुपर्ने ।

२०. क्याम्पसको समग्र व्यवस्थापनलाई राजनैतिक दलवाट मुक्त गरिनुपर्ने ।

२१. लैंगिक विभेद अन्त्य गर्न महिला सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनुपर्ने ।

२२. आर्थिक पारदर्शीता कायम गर्न सार्वजनिक लेखा परीक्षणको व्यवस्था गरिनुपर्ने ।

२३. क्याम्पस सञ्चालनमा देखिएका अनावश्यक बाधाहरुको पहिचान गरि त्यसको तुरुन्त निरुपन गरिनुपर्ने ।

२४. क्याम्पसमा देखिएका द्वन्द्वात्मक पक्षहरुलाई शीघ्र व्यवस्थापन गरिनुपर्ने ।

२५. क्याम्पसलाई विश्वविद्यालयमा आगिक वनाउन पहल गरिनुपर्ने ।

२६. क्याम्पसको भौतिक व्यवस्थाको उच्चतम विकास गरिनुपर्ने आदि

## ६.४ समस्या र चुनौतिहरुलाई संवोधन गर्न चालिने योजना

- उच्च शिक्षामा गरीव, जेहेन्दार, दलित, जनजाति एवं महिलाको पहुँचलाई सुनिश्चितता प्रदान गर्ने कार्य
- योजना तयार गरी लागु गर्ने ।
- स्वदेश तथा विदेशका विश्वविद्यालयसंग समन्वय गरी अनुसन्धानात्मक कार्यलाई प्राथमिकता दिने ।
- शहरी क्षेत्रमा रहेको उच्च शिक्षामा भइरहेको प्रतिस्पर्धालाई सम्वोधन गर्न सर्वसुलभ मूल्यमा गुणात्मक शिक्षा प्रदान गर्न कार्ययोजनाहरु बनाउने ।
- भौतिक संरचना निर्माणका लागि विश्वविद्यालय अनुदान आयोग, सरकारी तथा गैरसरकारी क्षेत्रवाट आर्थिक सहयोग जुटाउने ।
- क्याम्पसलाई आर्थिक व्ययभार नपर्ने गरी शिक्षकहरुलाई एम.फिल. तथा पी.एच. डी. गर्न प्रोत्साहित गर्ने र सोका लागि छात्रवृति एवं विद्वतवृतिको व्यवस्था मिलाउने ।
- कर्मचारीहरुलाई तालिम तथा प्रशिक्षणको अवसर प्रदान गर्ने कर्मचारीहरुको प्रशासनिक क्षमता अभिवृद्धि गर्ने ।
- विषय अनुरुपका प्राध्यापकहरुको नियुक्ति गरिनुपर्ने ।
- व्यवसायिक र प्राविधिक विषयहरु थप गर्ने ।
- प्राध्यापक तथा कर्मचारीलाई विभिन्न सीपमूलक तथा अनुसन्धानमूलक तालिमहरुको व्यवस्थापन गर्दै लैजाने ।
- पुस्तकालयमा प्रर्याप्त पुस्तकको व्यवस्था र उचित व्यवस्थापन गरि इ लाइब्रेरीमा रुपान्तरण गर्ने ।
- प्रर्याप्त शैक्षिक सामग्रीहरुको व्यवस्थापन गरि शिक्षण क्रियाकलापलाई अत्याधुनिक बनाउने ।
- अतः क्याम्पसलाई थप मजवुत बनाउनको निम्ति क्याम्पसलाई दरिलो आर्थिक सहयोग दिगो रुपमा
- हुनु जरुरी रहेको छ । क्याम्पसमा विद्यार्थी सङ्ख्या अभिवृद्धि गर्न प्राविधिक विषयहरु जस्ता विषयहरु संचालन
- गरिनु जरुरी रहेको छ। जसवाट देश तथा जिल्लाले सक्षम र दक्ष जनशक्ति प्राप्त गर्नुका साथै रोजगारीको
- अवसरलाई पनि सृजना गर्ने छ ।

**क्याम्पस प्रमुख**